नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार काठमाण्डौ

(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

४२००३१४
४२००३१९
४२००५०५

पत्र संख्या :- ०७३/०७४
च.नं.:- ३१३६

मिति :-२०७३/११/२७

**विषय:- विवरण उपलब्ध गराउने सम्वन्धमा ।**

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला समन्वय समितिको कार्यालय, (सबै) ।

नेपाल सरकार (मन्त्रिपरिषद्)को फाल्गुण २२, २०७३ को निर्णयानुसार नेपालको संविधान २०७२ को भाग ५ मा व्यवस्था भए बमोजिम राज्यको संरचना गर्ने क्रममा ७४४ स्थानीय तह कायम हुने गरी महानगरपालिका ४, उपमहानगरपालिका १३ र नगरपालिका २४६ र गाँउपालिका ४८१ घोषणा भई नेपाल राजपत्रमा प्रकाशित भै आजै देखि स्थानीय तहको कार्य सुरु भएकोले गठित स्थानीय तहमा तत्काल कार्यकारीको रुपमा कामकाज गर्न त्यस कार्यालयबाट तोकिएका कर्मचारीहरुको विवरण देहायको ढाँचामा मिति २०७३।११।३० गते दिउसो १:०० बजे भित्र अनिवार्य रुपमा पठाउनुहुन र निर्वाचन सम्वन्धी काममा सहयोग पुर्‍याउनुहुन आदेशानुसार अनुरोध छ ।

**देहाय :**

१) निर्वाचन आयोगबाट प्राप्त निर्देशन बमोजिम माग भएको निम्नानुसारको कर्मचारी विवरण पठाउने,

| सि.नं | स्थानीय तह (गाउँपालिका/ महा/उप/नगरपालिका) | कार्यकारीको रुपमा तोकिएको कर्मचारीको नाम, पद | पद, तह | मोवाईल नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |

२) मिति २०७३ बैशाख ३१ गते हुन गईरहेको स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न निर्वाचन आयोगबाट समय समयमा भएको परिपत्र, निर्देशनको पालना गरी जिल्ला स्तरमा गर्नुपर्ने आवश्यक तयारी गरी सहयोग पुर्‍याउने,

३) निर्वाचन आयोगको काममा सहयोग पुर्‍याउन सम्वन्धित स्थानीय तहको वडामा- वडा कार्यालय खोली वडा सचिव एवं अन्य आवश्यक कर्मचारी व्यवस्थापन गर्ने, गर्न लगाउने ।

नोट: विवरण पठाउनुपर्ने ठेगाना,

email: paudel.kisna@gmail.com

Fax: 01-4200322

७३।११।२८

(भरत कुमार शर्मा)
उप सचिव

वोधार्थ :
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौं,
श्री सूचना तथा विधुतीय शासन शाखा : Website मा राखिदिनु हुन ।